केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०९/०७१/७२ मिति: २०७२/०३/०९

**"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

हालैको भूकम्पका कारण बैंकिङ्ग सेवाको सहज उपलब्धतामा हुन सक्ने अवरोधलाई मध्यनजर गरी बैंकिङ्ग सेवा सुचारु रुपले संचालन गर्ने, अनिवार्य मौज्दात गणना गर्न सहज व्यवस्था गर्ने, भूकम्पबाट आवासीय घर क्षतिग्रस्त भएका पीडित परिवारहरुलाई आवासिय घर पुननिर्माणका लागि पूनर्कर्जा सुविधा उपलब्ध गराउने, बैंकिंग सेवाको सहज उपलब्धता र पहुँच वृद्धिका लागि शाखा स्थापना र विस्तारमा सहज पार्ने, राहत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकमान्तर हुने, भुकम्प पीडित प्रमाणको आधारमा समेत खाता खोल्न सक्ने लगायतका व्यवस्थाहरु यस बैंकले गरिसकेको सन्दर्भमा विभिन्न बैंक, वित्तीय संस्था र ऋणी ग्राहक लगायतका निकायहरुले नीतिगत व्यवस्थाका लागि यस बैंक समक्ष अनुरोध गरेकोमा उक्त अनुरोधलाई सम्बोधन गर्दै भूकम्पका कारणले कुनै पनि व्यवसाय धराशयी नहोस् र यस बैंकले गरेको नीतिगत व्यवस्थाको उपलब्धी बैंक वा वित्तीयसंस्थाको अन्तिम ग्राहकसम्म पुगोस् भन्ने अभिप्रायले यो नीतिगत व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

१) *यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७१ मा जुनसुकै कुरा लेखिएको भएतापनि २०७१ चैत्र मसान्तमा सक्रिय वर्गमा कायम रहेका ऋणीहरुका लागि देहाय बमोजिमको विशेष व्यवस्था गरिएको छ :*

**क) *कर्जा नोक्सानी व्यवस्था***

*भूकम्पका कारण ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको वा परियोजना क्षतिग्रस्त भई कर्जा तिर्न नसक्ने अवस्थामा कर्जाको साँवा, ब्याज वा किस्ता रकम २०७२ असोज मसान्त सम्ममा प्राप्त भएमा त्यस्तो कर्जालाई २०७२ असार मसान्तमा असल कर्जामा बर्गीकरण गरि सोहि बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ । यस व्यवस्था अनुसार असल वर्गमा वर्गीकरण गरिने कर्जाको हकमा बैंक तथा वित्तीय संस्थाले भुक्तान ढिला भएको कारणबाट सम्बन्धित ऋणीसँग कुनै पनि प्रकारको पेनाल ब्याज वा शुल्क लिन पाइने छैन ।*

**ख) *कर्जाको पुनरतालिकीकरण***

*भूकम्पका कारण ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको वा परियोजना क्षतिग्रस्त भई कर्जा तिर्न नसक्ने अवस्थामा देहायका आधारमा बैंक वा वित्तीय संस्थाले एकपटकका लागि एकवर्षसम्म कर्जा भुक्तानी अवधि थप हुने गरी कर्जा पुनरतालिकीकरण गर्न सक्नेछन् :*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३


(क) कर्जालाई पुनरतालिकीकरण गर्न ऋणीको लिखित कार्य योजना पेश गरेको,

(ख) भूकम्पका कारण आम्दानीको श्रोत र कर्जा तिर्ने क्षमतामा आएको ह्रासको पुष्टी हुने प्रमाण पेश गरेको,

कुनैपनि क्षेत्रमा प्रवाहित कर्जामा एकवर्ष भन्दा बढी अवधि थप गरी कर्जा पूनरतालिकीकरण गर्नुपरेमा सो को विवरण र औचित्यता खुलाई यस बैंकको पूर्वस्वीकृति लिनुपर्नेछ ।

यस व्यवस्था बमोजिम पुनरतालिकीकरण गरिएका कर्जालाई असल वर्गकै कर्जाको रुपमा वर्गीकरण गर्न सकिनेछ र वर्गीकरण गरिएका कर्जाहरुको विवरण छुट्टै तयार गर्नु पर्नेछ ।

**ग) आम्दानी/खर्च लेखाङ्कन गर्ने सम्बन्धमा**

आ.व. २०७१/७२ को ब्याज आम्दानी लेखाङ्कन गर्ने प्रयोजनका लागि २०७२ असार महिनासम्ममा पाकेको ब्याज २०७२ असोज मसान्त सम्ममा प्राप्त भएमा सो रकम आ.व. २०७१/७२ को नाफा नोक्सान हिसाबमा आम्दानी जनाउन सकिनेछ । यसरी आम्दानी जनाएको रकमलाई लाभांशको रुपमा वितरण नगरी नाफा नोक्सान बाँडफाँड खाता मार्फत पूँजी समायोजन कोषमा जम्मा गर्नुपर्नेछ ।

२०७२ असार मसान्त पश्चात प्राप्त ब्याज रकमको छुट्टै विवरण तयार गरी पेश गर्नुपर्नेछ र यसरी ब्याज आम्दानी जनाएको भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले वार्षिक वित्तीय विवरणको आम्दानी लेखाङ्कन सम्बन्धी नीतिमा रकम सहित स्पष्ट खुलाउनु पर्नेछ ।

**घ) ग्रेस अवधि**

भूकम्पका कारण परियोजना निर्माण सम्पन्न हुन थप समय लाग्ने भएमा वा परियोजना सम्पन्न भइ किस्ता भुक्तानी शुरु हुने अवस्थामा ग्रेस अवधि समाप्त भएतापनि बढीमा एकवर्षको ग्रेस अवधि थप गर्न सकिनेछ । ग्रेस अवधिमा ब्याज पूँजीकरण गरी आम्दानी बाँधिएको ब्याज रकमलाई नाफा नोक्सान बाँडफाँड खाता मार्फत पूँजी समायोजन कोषमा रकमान्तर गर्नुपर्नेछ ।

**२) भूकम्पले अतिप्रभावित जिल्लाका बैंक वा वित्तीय संस्थाहरुलाई थप सुविधा**

काठमाण्डौ उपत्यका बाहेकका भूकम्पले अतिप्रभावित जिल्लाहरुमा प्रधान कार्यालय रही सञ्चालनमा रहेका बैंक वा वित्तीय संस्थालाई देहाय बमोजिमका थप छुट तथा सुविधाहरु प्रदान गरिनेछ :

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

- *प्रधान कार्यालय भवन क्षतिग्रस्त भइ पूनरनिर्माण गर्नुपर्ने अवस्थामा "क", "ख", "ग" र "घ" वर्गका बैंक वा वित्तीय संस्थालाई रु ५० लाखसम्म शुन्य ब्याजदरमा यस बैंकबाट कर्जा उपलब्ध गराउने ।*
- *अनिवार्य मौज्दातका लागि कायम गर्नुपर्ने न्युनतम मौज्दात अपर्याप्त भएको कारणले यस बैंकबाट लगाईने जरिवाना रकममा २०७३ असार मसान्त सम्मका लागि छुट प्रदान गर्ने ।*
- *विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था पालना हुन नसकेको अवस्थामा यस बैंकबाट लगाईने हर्जाना रकममा २०७३ असार मसान्त सम्मका लागि छुट प्रदान गर्ने ।*
- *यस बैंकको निर्देशन बमोजिम पेश गर्नुपर्ने तथ्यांक तथा विवरणहरु पेश गर्न समस्या रहेको अवस्थामा त्रैमासिक विवरण भन्दा कम अवधिमा पेश गर्नुपर्ने विवरणहरु २०७३ असार मसान्त सम्मका लागि पेश गर्न अनिवार्य नहुने गरी छुट प्रदान गर्ने ।*

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(७) श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।